प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## कोशी प्रदेश

## विराटनगर, नेपाल

## सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०।०६।०७

यस मन्त्रालयको चालु आ.ब. २०८०/०८१ को लागि आवश्यक मसलन्द सामाग्रीहरु आवश्यक भएको हुँदा ईच्छुक फर्म, संस्था वा कम्पनीका आपूर्तिकर्ताहरुबाट नबिकरण भएको इजाजत पत्र, मु.अ.कर दर्ता र आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र आदि संलग्न राखी तपसील बमोजिमका शर्तहरुको अधिकमा रही के कति दरमा सामाग्रीहरु उपलब्ध गराउन सकिन्छ यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र खरिद गर्नुहुन आव्हान गरिन्छ ।

तपसील

१. दरभाउपत्र सम्बन्धि कागजातहरु यो सूचना प्रथमपटक प्रकाशित मितिले १५ दिनभित्र यस मन्त्रालयबाट पछि फिर्ता नहुने गरि रु. १०००/- (एकहजार मात्र) यस मन्त्रालयको नाममा रा.बा.बैंक विराटनगरको राजस्व खाता नं . १०००१००२०१०१०००१ मन्त्रालय कोड ३०५००१३०११ मा राजस्व शीर्षक नं १४२२९ मा जम्मा गरी सोको सक्कलै भौचर पेश गरि खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेसम्म छुट्टै खाममा विवरण प्रष्ट खुलाई सिलबन्दी गरि यस मन्त्रालयमा दर्ता गरी सक्नु पर्नेछ ।

३. रीत नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

४. म्याद भित्र दर्ता भएको दरभाउपत्र मन्त्रालय तथा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन बिदा परेमा उक्त कार्य लगत्तै मन्त्रालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

६. यस मन्त्रालयको हितलाई ध्यानमा राखि दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।

७. दरभाउ पत्रका साथ विड वण्ड वा नगद रकम प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगरको एकल धरौटी खाता नं. २१२०१००२०२०३०००० मा जम्मा भएको बैंक भौचर सक्कलै पेश गर्नुपर्नेछ ।

८. सिलबन्दी दरभाउपत्रको कागजात पेश गर्दा खाममा स्पष्टसँग मन्त्रालयको नाम, कामको बिवरण, दरभाउ पत्रदाताको नाम, ठेगाना, सम्पर्क नं .र छाप लागेको हुनुपर्नेछ ।

९. BOQ मा उल्लेख गरेको दररेट अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१०. यसमा उल्लेखित बाहेक अन्य बिषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ ।

११. अन्य थप केही कुराहरु बुझ्न परेमा यस मन्त्रालयको प्रशासन शाखाको ०२१-५७५७८५ नम्बरमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

| क्र.सं. | सूचना नं. | बिवरण | धरौटी/बिडवण्ड (बोलपत्र जमानत) वापतको रकम | कै. |
|---|---|---|---|---|
| १ | **MOEAP/SQ/SI-01/080-81** | मसलन्द सामाग्री खरिद | ३२,०००।०० | |

अधिकृत
अधिकृतस्तर आठौं